नेपाल सरकार

कृषि तथा पशुपंछी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## लागत सहभागिताको आधारमा शित भण्डार गृह निर्माण गर्न प्रस्ताव आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७५/१२/०३**

कृषि उपजहरुको उत्पादन उप्रान्तक क्षति न्यूनिकरण, गुणस्तर प्रवर्द्धन, आवश्यक परिमाणमा उपलब्धता सुनिश्चितता गर्न र व्यवसायिक तथा औद्योगिक उत्पादन एवं बजारीकरणमा सहयोग पुर्याउनका लागि मनाङ्ग जिल्लामा प्रतिस्पर्धाको आधारमा नीजि कम्पनीसंगको साझेदारीमा १ वटा शित भण्डार गृह निर्माणका लागि बढीमा ७० (सत्तरी) प्रतिशत पुंजीगत अनुदानमा शित भण्डार गृह स्थापना एवं संचालन गर्ने कार्यक्रम रहेकाले देहायका शर्तहरुको अधिनमा रही शित भण्डार गृह निर्माण गरि संचालन गर्न चाहने ईच्छुक निजी कम्पनीहरुबाट दोस्रो पटक सूचना प्रकाशन भएको मितिले १६औं दिनको अपरान्ह १२:०० बजे भित्र शित भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ (शंसोधन सहित) को अनुसूची ३ बमोजिमका कागजातहरु संलग्न राखि अनुसूची २ बमोजिम सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना आव्हान गरिएको छ। यस परियोजनाको website http://pmamp.gov.np बाट अनुसूची २ र ३ Download गर्न सकिनेछ।

**शर्तहरु:**

१. शित भण्डार गृहको निर्माण अवधि सो शित भण्डार गृहको क्षमता र प्रकृति अनुसार बढीमा दुई बर्षको हुनेछ।

२. निजी कम्पनी यो सूचना प्रकाशन भएको मिति अगावै कोल्ड स्टोरेज स्थापना, संचालन गर्ने उद्देश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको हुन पर्नेछ।

३. कृषि उपज भण्डारणको लागि शित भण्डार गृह स्थापना गर्न कम्तीमा १५,०० मे.ट. क्षमताको मल्टि च्याम्बर शित भण्डार गृहको लागि तोकिए बमोजिमको उपयुक्त जग्गा कम्पनीको नाममा वा संचालक सदस्यको नाममा वा कम्तिमा २० बर्षको करारनामा भएको हुन पर्नेछ।

४. शित भण्डार गृह निर्माण गर्ने कम्पनीले आफ्नो तर्फबाट कम्तिमा ३० प्रतिशत लगानी गर्नु पर्नेछ र यसका लागि कम्पनीले व्यहोर्ने लगानी सम्बन्धमा सम्वन्धित बैंकबाट यस सूचानाको मिति पछि जारी भएको Letter of Intent पेश गर्नु पर्नेछ। सो ३० प्रतिशत लगानीको हिस्सा कम्पनीको जग्गा र अन्य चालु खर्चमा समावेश हुने छैन।

५. निर्माण गरिने शित भण्डार गृह बहुतले संरचना भएमा माटो जाँच को आधारमा Foundation design गरी पेश गर्नुपर्नेछ।

६. कम्पनी छनौट गर्दा आन्तरिक जिल्ला (Within district) प्रतिस्पर्धाको आधारमा मूल्यांकन गरिनेछ, मूल्यांकनमा इन्जिनियरीङ्ग डिजाईन इस्टिमेट तथा व्यवसायिक योजना प्रस्तावमा कार्यविधिले तोकेको न्यूनतम उत्तिर्ण अंक सहित कम्तीमा ७० प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ। प्रस्तावको मूल्यांकन गर्दा नेपाल सरकारको अनुदान रकम कम माग गरी कम्पनीले आफ्नो तर्फबाट ३० प्रतिशत भन्दा बढी अधिकतम लगानी गर्ने आशय पेश भएको प्रस्तावलाई प्राथमिकता दिइने छ।

७. अन्य शर्त शित भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ (शंसोधन सहित) बमोजिम हुनेछ। यस कार्यविधिमा स्पष्ट नभएका कुराहरु प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**नोट:-** यस सम्बन्धमा थप, जानकारी चाहिएमा कार्यालय समय भित्र परियोजना व्यवस्थापन इकाईको टेलिफोन नं ०१-५५२०३४६ र ०१-५५२१६१९ एव ईमेल ठेगाना pmamp.pmu@gmail.com मा सम्पर्क गर्न सकिने छ।